# अर्जुनधारा नगरपालिका
# नगर कार्यपालिकाको बैठक

बैठक संख्याः १०/०८०/०८१ मितिः२०८०/०७/२४

अध्यक्षताः नगर प्रमुख श्री बलदेवसिंह गोम्देन तामाङ

उपस्थितिः

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री बलदेवसिंह गोम्देन | उपस्थित |
| उप नगर प्रमुख | श्री खड्गमाया पराजुली | अनुपस्थित |
| वडा अध्यक्ष,वडा नं १ | श्री उपेन्द्र बस्नेत | उपस्थित |
| वडा अध्यक्ष,वडा नं २ | श्री नरेन्द्र कुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ३ | श्री सिताराम भट्टराई | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ४ | श्री अम्बर बहादुर कटुवाल | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ५ | श्री गिताराज खड्का | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ६ | श्री हरिश्चन्द्र बास्तोला | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ७ | श्री गोविन्द प्रसाद खतिवडा | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ८ | श्री कुमार प्रसाद उप्रेती | अनुपस्थित |
| वडा अध्यक्ष,वडा नं ९ | श्री भिष्म मिश्र | अनुपस्थित |
| वडा अध्यक्ष,वडा नं १० | श्री भूपेन्द्र नेउपाने | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ११ | श्री खगेन्द्र इङ्गनाम | अनुपस्थित |
| कार्यपालिका सदस्य | श्री कौशिलाल परियार | उपस्थित |
| कार्यपालिका सदस्य | श्री गौरीमाया चिमरीया | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्र कुमारी तामाङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्रमाया तामाङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री नरेन्द्रबहादुर राई | उपस्थित |
| कार्यपालिका सदस्य | श्री मुना खत्री | उपस्थित |
| कार्यपालिका सदस्य | श्री विमला रोक्का | उपस्थित |
| कार्यपालिका सदस्य | श्री सन्तोष मेचे | उपस्थित |
| सचिव, प्रमुख प्रशासकीय अधिकृत | श्री तिलोचन रिमाल | उपस्थित |

**अर्जुनधारा नगरपालिकाको नगर कार्यपालिकाको मिति २०८०/०७/२४ गते बसेको बैठकबाट निम्न बमोजिमको सर्वसम्मत निर्णय गरियो ।**

**१.नदीजन्य पदार्थको उत्खनन तथा विक्री ठेक्का सम्बन्धमा ।**

यस अर्जुनधारा नगरपालिका भित्रका बिरिङ्ग, टाङटिङ, नेते तथा सुखानी खोलाबाट स्वीकृत आइ.इ.इ. प्रतिवेदन बमोजिमको नदीजन्य पदार्थको उत्खनन तथा विक्रीका लागि नगर कार्यपालिकाको निर्णयानुसार कार्यालयबाट प्रथम पटक मिति २०८०/०५/२० गते र दोश्रो पटक मिति २०८०/०६/२२ गते बोलपत्र आह्वान गरी सूचना प्रकाशन गर्दा कुनै पनि बोलपत्र प्रस्ताव पेश नभएको ।तत्पश्चात अर्जुनधारा नगरपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोवस्त) कार्यविधि,२०७५ बमोजिम मिति २०८०/०७/१४ गते सूचना प्रकाशन गरी डाक बढाबढको माध्यमबाट ठेक्का आह्वान गर्दा समेत कुनै पनि प्रस्ताव पेश हुन नआएको सम्बन्धमा अर्जुनधारा नगरपालिकाको स्थानीय राजश्व परामर्श समितिको मिति २०८०/०७/२३ गतेको बैठकबाट प्राप्त सिफारिस समेतका आधारमा उक्त ठेक्का बन्दोवस्तीका लागि देहाय बमोजिम गर्ने निर्णय गरियो ।

१. स्वीकृत आइ.इ.इ. प्रतिवेदन बमोजिम जम्मा परिमाणलाई देहाय बमोजिमको प्याकेज बनाई पुनः ठेक्का आह्वान गर्ने ।ठेक्काका लागि साविकमा कायम भएको रु ६५४७३३४८/- को न्यूनतम कबोल अङ्कमा नगरपालिकाले अमानतबाट मिति २०८०/०७/२३ गतेसम्म संकलन गरेको रकम रु ३३०७९८९/- लाई परिमाणलाई खोलाको कुल परिमाण अनुसारको अनुपात अनुसार बाँडफाँड गरी देहाय बमोजिमको न्यूनतम अङ्क कायम गर्ने ।

| प्याकेज | खोला | साविक न्यूनतम अंक | प्रतिशत | उठेको रकमको बाँडफाँड | नयाँ न्युनतम अंक |
|---|---|---|---|---|---|
| १ | विरिङ्ग | १६,१८७,२९६.०० | २४.७२ | ८१७७३४.९ | १५,३६९,५६१.०८ |
| २ | टाङ्गटिङ्ग | ४२,३६६,१७५.०० | ६४.७१ | २१४०६०० | ४०,२२५,५७५.२१ |
| ३ | ठूलो नेते | ३,२०१,७३४.०० | ४.८९ | १६१७६०.७ | ३,०३९,९७३.३३ |
| ४ | सुखानी | ३,७१८,१४३.०० | ५.६८ | १८७८९३.८ | ३,५३०,२४९.२२ |
| | **जम्मा रकम** | **६५,४७३,३४८.००** | **१००.००** | **३३०७९८९** | **६२,१६५,३५८.८४** |

२. मिति २०८०/०७/२५ गतेबाट मिति २०८०/०८/०४ गतेसम्म नदीजन्य पदार्थको उत्खनन कार्य स्थगित गर्ने ।उत्खनन कार्य स्थगन भएको समयमा हुन सक्ने अनाधिकृत उत्खनन तथा ओसार पसार नियन्त्रणका लागि आवश्यक सुरक्षा व्यवस्थाका लागि जिल्ला प्रशासन कार्यालय झापामा अनुरोध गर्ने ।